# बारपाक सुलिकोट गाउँपालिका राजपत्र भाग-२

## बारपाक सुलिकोट गाउँपालिकाद्वारा प्रकाशित

खण्ड :                    संख्या :                    मिति : २०७७//

# बारपाक सुलिकोट गाउँपालिका करार शिक्षक कर्मचारी नियुक्ती सम्बन्धी कार्यबिधि,२०७७

नेपालको संविधान, २०७२ को धारा २२६ दिएको अधिकार प्रयोग गरी संविधानको अनुसुची ८ को क्रमसंख्या ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को (ज) मा ब्यबस्था भए अनुसार सामुदायिक बिद्यालयहरुमा रिक्त रहेको आधारभूत तथा माध्यमिक तहको स्वीकृत दरबन्दी ( राहतकोटा र अस्थाथी ) शिक्षण सिकाइ सहयोग अनुदान कोटा, बालविकास सहजकर्ता, विद्यालय सहायक कर्मचारी र गाउँपालिका अनुदान कोटामा करारमा शिक्षक नियुक्ति सम्बन्धी कार्यलाई व्यवस्थित र मर्यादित बनाउन बाञ्छनिय भएकोले बारपाक सुलिकोट गाउँपालिकाको कार्यपालिकाले **करारमा शिक्षक नियुक्ति सम्बन्धि कार्यबिधि, २०७७ पारीत गरी** जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ :**

(१)यो कार्यविधिको नाम **करारमा शिक्षक कर्मचारी नियुक्ति सम्बन्धी कार्यबिधि, २०७७** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२) परिभाषा :**

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"मन्त्रालय"** भन्नाले नेपाल सरकार शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालय सम्झनु पर्छ ।

(ग) **"गाउँपालिका"** भन्नाले बारपाक सुलिकोट गाउँपालिका सम्झनु पर्छ ।

(घ) **"शिक्षा अधिकृत"** भन्नाले गाउँपालिकाको शिक्षा शाखा प्रमुखको रुपमा कार्यरत शिक्षा अधिकृतलाई सम्झनु पर्छ ।

(ङ) **"आधारभूत विद्यालय"** भन्नाले वालविकास कक्षा देखि कक्षा ८ सम्म शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

(च) **"माध्यमिक विद्यालय"** भन्नाले वालविकास कक्षादेखि कक्षा १२ सम्म शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

(छ) **"विशेषज्ञ"** भन्नाले आधारभूत तह कक्षा ( १ – ८ ) र माध्यमिक तह कक्षा ( ९– १२ ) मा रिक्त शिक्षक पदमा करारमा शिक्षक नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिमा सिफारिस गर्न आधारभूत तहको लागि कम्तिमा शिक्षाशास्त्रमा स्नातक र माध्यमिक तहको लागि कम्तिमा शिक्षा शास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण गरेको गाउँपालिकाबाट सूचीकृत गाउँपालिका भित्र वा गोरखा जिल्लाको अर्को स्थानिय तहको सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षक सम्झनु पर्छ ।

(ज) **"परीक्षा केन्द्र"** बारपाक सुलिकोट गाउँकार्यपालिका शिक्षा शाखा वा बारपाक सुलिकोट गाउँकार्यपालिका शिक्षा शाखाले शिक्षक छनौटका लागि तोकेको परीक्षा केन्द्रहरु सम्झनु पर्छ ।

(झ) **"शिक्षक छनौट समिति"** भन्नाले परिच्छेद २ मा व्यवस्था भए अनुसारको शिक्षक छनौट समिति सम्झनु पर्छ ।

(ञ) **"शिक्षा शाखा"** भन्नाले बारपाक सुलिकोट गाउँकार्यपालिकाको युवा, खेलकुद तथा शिक्षा शाखा सम्झनु पर्छ ।

(ट) **"अनुमति"** भन्नाले बारपाक सुलिकोट गाउँपालिकाबाट बिद्यालयलाई करार तथा अस्थायी शिक्षक नियुक्तिका लागि दिइएको अनुमतिलाई जनाउँछ ।

(ठ) **"शिक्षा ऐन"** भन्नाले शिक्षा ऐन, २०२८ लाई जनाउँछ ।

(ड) **"शिक्षा नियमावली"** भन्नाले शिक्षा नियमावली, २०५९ लाई जनाउँछ ।

## परिच्छेद – २

## शिक्षक छनौट समिति

**३) ३.१** सामुदायिक विद्यालयमा रिक्त स्वीकृत दरबन्दी ( राहत अनुदान र अस्थाथी दरबन्दी ), बालविकास सहजकर्ता र शिक्षण सिकाइ सहयोग अनुदान कोटामा करार तथा अस्थायी शिक्षक नियुक्तिका लागि विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्न देहाय बमोजिम एक शिक्षक छनौट समिति रहनेछ ।

(क) विदयालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य- अध्यक्ष

(ख) शिक्षा अधिकृत - सदस्य

(ग) माध्यमिक तहको शिक्षक छनौट गर्नु पर्ने भएमा शिक्षा शास्त्र विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण र अन्य तहको शिक्षक छनौट गर्नु पर्ने भएमा शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेका व्यक्तिहरु मध्येबाट उपलब्ध भएसम्म १ (एक) जना महिला समेतको प्रतिनिधित्व हुने गरी गाउँपालिकाबाट सूचिकृत भएको विज्ञहरु मध्येबाट विद्यालय ब्यबस्थापन समितिले गाउँपालिका शिक्षा शाखाको परामर्श तथा समन्वयमा मनोनित गरेको २ जना विषय विज्ञ- सदस्य

(घ) शिक्षा संयोजक सदस्य

(ङ) प्रधानाध्यापक सदस्य सचिव

३.२ सामुदायिक विद्यालयमा गाउँपालिका अनुदान कोटाको रिक्त शिक्षक र विद्यालय सहायक कर्मचारी पदपुर्ती लागि विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्न देहाय बमोजिम एक शिक्षक छनौट समिति रहनेछ ।

(क) विदयालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य- अध्यक्ष

(ख) शिक्षा अधिकृत - सदस्य

(ग) माध्यमिक तहको शिक्षक छनौट गर्नु पर्ने भएमा शिक्षा शास्त्र विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण र अन्य तहको शिक्षक ( विद्यालय सहायक कर्मचारी सहित ) छनौट गर्नु पर्ने भएमा

शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेका व्यक्तिहरु मध्येबाट गाउँपालिकाबाट सूचिकृत भएको विज्ञहरु मध्येबाट विद्यालय ब्यबस्थापन समितिले गाउँपालिका शिक्षा शाखाको परामर्श तथा समन्वयमा मनोनित गरेको १ जना विषय विज्ञ- सदस्य

घ ) प्रधानाध्यापक सदस्य सचिव

४) शिक्षक छनौट समितिको सचिवालय गाउँपालिकाको शिक्षा शाखामा रहने छ ।

५) शिक्षक छनौट समितिमा बिज्ञहरु मनोनयन गर्दा सम्बन्धित विद्यालयको शिक्षकलाई विज्ञको रुपमा मनोनयन गर्न पाइने छैन ।

६) गाउँ कार्यपालिकाबाट स्वीकृत गरिएको यस निर्देशिकालाई शिक्षक छनौट समितिले पूर्णरुपमा पालना गर्नु पर्नेछ ।

## परिच्छेद – ३

## पदपूर्ति सम्बन्धी व्यवस्था

**७) विज्ञापन :**

(१) रिक्त पदमा शिक्षक पदपूर्तिका लागि सम्बन्धीत विद्यालयले रिक्त भएको तह, श्रेणी र विषय खोली पद रिक्तता सम्बन्धमा ७ दिनभित्र शिक्षा शाखालाई जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम रिक्त पदमा विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय सहित १५ दिनभित्र गाउँपालिकामा पदपुर्तिको लागि अनुमति माग गर्नु पर्नेछ ।

(३) विज्ञापन गर्दा पदपूर्ति गर्नुपर्ने तह, श्रेणी र विषय खोली विद्यालयले सकेसम्म दैनिक पत्रिका, सो सम्भव नभएमा गाउँपालिका र विद्यालयको वेबसाइटमा १५ दिनको सुचना प्रकाशन गर्नुपर्नेछ र सो विज्ञापनको सुचना गाउँपालिका, वडा कार्यालय र विद्यालयमा टाँस गर्नुपर्नेछ ।

(४) महिला तथा अपांग कोटा भनी उल्लेख गरिएको दरबन्दी वा शिक्षक अनुदान कोटामा महिला तथा अपांग मात्र प्रतिस्पर्धी हुने गरी विज्ञापन प्रकाशन गर्नु पर्नेछ र सो अनुसार नियुक्ति प्रक्रिया अगाडी बढाउनु पर्नेछ ।

(५) आधारभूत तहको प्राथमिक शिक्षकको लागि बिज्ञापन गर्दा उक्त बिद्यालयमा महिला शिक्षक नभएको खण्डमा अनिवार्य रुपमा महिला शिक्षक नै नियुक्ति गर्ने गरि बिज्ञापन गर्नु पर्नेछ ।

(६) आधारभुत तहको निम्न माध्यमिक तथा माध्यमिक तहको शिक्षक नियुक्तिको लागि विज्ञापन गर्दा विषयगत रिक्तताका आधारमा गर्नु पर्ने र दरबन्दी मिलान गरी बिज्ञापन गर्नुपर्ने भएमा गाउँपालिकामा रहेको गाउँ शिक्षा समितिको निर्णय अनुसार हुनेछ ।

(७) विज्ञापन गरिएको शिक्षक पदको लागि प्रतिस्पर्धामा भाग लिने उम्मेद्वारले शिक्षा नियमावली अनुसारको कागजातहरु निवेदन साथ पेश गर्नु पर्नेछ । प्रकाशित विज्ञापन उपर दरखास्त दिने

उम्मेद्वारको सक्कल कागजातहरु दरखास्त दिँदाका बखत नै छानविन गरेर मात्र लिनु पर्नेछ । पछि छानविन गर्दा नक्कली ठहरिएमा सम्बन्धित व्यक्ति कारबाहीको भागीदार हुने छ ।

८) रिक्त शिक्षक पदपुर्तिका लागि गरिएको प्रथम पटकको विज्ञापनमा एक जना मात्र उम्मेद्वारको निवेदन परेमा विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराइ ७ दिनको म्याद राखी पुन : विज्ञापन गर्नुपर्नेछ । यदि दोस्रो पटकको विज्ञापनमा पनि एक जनाको मात्र उम्मेद्वारी परेमा विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराइ पुनः ७ दिनको म्याद राखी विज्ञापन गर्नुपर्नेछ ।

**८) <u>परीक्षा र पाठ्यक्रम :</u>**

(१) शिक्षक छनौट गर्दा शिक्षक सेवा आयोगले सम्बन्धित तह र विषयका लागि निर्धारण गरेको पाठ्यक्रम बमोजिम लिखित परीक्षा लिनुपर्नेछ । अन्तर्वातामा सामान्यतया ७०% भन्दा बढी र ३५% भन्दा कम अङ्क प्रदान गर्न पाईने छैन । यदि उल्लेखित अङ्क भन्दा घटी बढी गर्नु परेमा सोको स्पष्ट कारण खुलाउनु पर्नेछ । उजूरी परेमा सम्पूर्ण कागजात झिकाउनु पर्ने हुँदा लिखित परीक्षाका उत्तर पुस्तिकाहरु कम्तीमा ६ महिनासम्म सुरक्षित राख्नु पर्नेछ ।

**९) <u>नियुक्ति प्रक्रिया र अभिलेखिकरणः</u>**

(१) शिक्षक सेवा आयोगको करार योग्यता सूचिमा नाम समावेश भएका उम्मेद्वारहरु मध्ये माथिल्लो योग्यता सूचिमा पर्ने उम्मेदवारले विज्ञापन हुँदा निवेदन पेश गरेमा करार योग्यता सूचि र उम्मेदवारको विवरण भिडाई करार योग्यताको आधारमा नियुक्ति सम्बन्धि व्यवस्था मिलाउनु पर्नेछ ।

(२) माध्यमिक/आधारभूत तहको कक्षा ६ देखि ८ को लागि शिक्षक नियुक्तिका लागि छनौट समितिमा विषयगत विशेषज्ञको व्यवस्था अनिवार्यरुपमा गर्नुपर्नेछ । सामाजिक विषयको विशेषज्ञको हकमा सम्बन्धित तहको विषय विज्ञ उपलब्ध नभएमा सम्बन्धित तहको विज्ञ सुचिमा नाम समाविष्ट भएका अन्य विषयका विज्ञलाई समेत मनोनित गर्न सकिनेछ ।

(३) विद्यालयमा रिक्त कुनै पनि प्रकारको शिक्षक पदमा नियुक्तिको लागि शिक्षक सेवा आयोग नियमावली, २०५७ (शंसोधन सहित) अनुसार योग्यता पुगेका व्यक्ति मात्र उम्मेदवार हुन सक्नेछ । गाउँपालिका अनुदान कोटा र शिक्षणसिकाइ सहयोग अनुदान कोटाको पदमा भने पहिलो र दोस्रो पटकको विज्ञापनमा गरे अध्यापन अनुमति पत्र प्राप्त का उम्मद्वारको उम्मद्वारी नपरेमा अन्य आवश्यक योग्यता पुगेका अध्यापन अनुमति पत्र प्राप्त नगरेका व्यक्तिमध्येबाट शिक्षक छनौट गरी नियुक्तीको लागि सिफारिस गर्न सकिनेछ । उम्मेदवारको उमेर गणना गर्दा दरखास्त दिने अन्तिम मितिलाई आधार बनाई गणना गर्नु पर्नेछ ।

(४) शिक्षक छनौट समितिले सामान्य, विषयगत, मौखिक र आवश्यकता अनुसार प्रयोगात्मक परीक्षाको आधारमा सबैभन्दा बढी अकं प्राप्त गर्ने उम्मेद्वारलाई रिक्त पद संख्याको आधारमा नियुक्तिका लागि विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्नुपर्नेछ । सामान्य परीक्षामा उत्तीर्ण उम्मेद्वारलाई मात्र विषयगत परीक्षामा सामेल हुन दिइनेछ ।

(५) छनौट समितिले सिफारिस गरेको व्यक्तिहरु मध्येबाट विद्‌यालय व्यवस्थापन समितिले सफल उम्मेदवारका साथै बैकल्पिक उम्मेदवारको समेत नामावली प्रकाशन गर्नु पर्नेछ ।

(६) शिक्षक छनौट समितिले नियुक्तिको लागि सिफारिस गरेको उमेदवारलाई बिद्यालय व्यवस्थापन समितिले अन्तिम नामावली प्रकाशन गरेका ७ दिन भित्र बढीमा १ शैक्षिक सत्रका लागि करार नियुक्ति दिन सक्नेछ ।

(७) उपदफा मा जुनसुकै कुरा लेखिएको भएतापनि करार शिक्षक नियुक्ति भएको एक शैक्षिक सत्रसम्म पनि रिक्त पदमा स्थायी पदपूर्ति नभएमा वि.व्य.स.ले यसरी स्थायी पदपूर्ति नभएसम्मका लागि एकपटकमा ६ महिनामा नबढाइ करारको म्याद थप गर्न सक्नेछ ।

(८) शिक्षक नियुक्ति सम्बन्धी सम्पूर्ण प्रक्रिया ३५ दिन भित्र सम्पन्न गरी सक्नु पर्नेछ । उक्त अवधिभित्र सम्पन्न हुन नसकेमा पहिला लिएको अनुमति स्वतः रद्द हुनेछ ।

(९) करार नियुक्ति भएका शिक्षकको अभिलेखका लागि सम्बन्धित विद्यालयको प्रधानाध्यापकले शिक्षक नियुक्ती सम्बन्धी फाइल खडा गरी १५ दिनभित्र गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(१०) नियुक्ति अभिलेख जनाउनका लागि फाइल पेश गर्दा शिक्षक नियुक्तिसँग सम्बन्धित कागजातहरु : विद्यालय व्यवस्थापन समिति र शिक्षक छनौट समितिको निर्णयको प्रतिलिपि, विज्ञापन टाँस गरेको मुचुल्काको सक्कल पत्र, शैक्षिक योग्यताको प्रमाण पत्रहरुको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, अध्यापन अनुमति पत्रको प्रतिलिपि र शिक्षा शाखाले शिक्षक राख्न दिएको अनुमति पत्रको प्रतिलिपिको साथै तोकिए बमोजिम शुल्क तिरेको रसिद/भौचर गाउँ शिक्षा समितिको कार्यालयमा पेश गर्नु पर्नेछ ।

(११) उपरोक्त बमोजिम आवश्यक प्रक्रिया पुरा नभई पेश हुन आएको उक्त फायल यस शाखाको अभिलेखमा जनाईने छैन ।

(१२) करार शिक्षक नियुक्ति भई विद्यालयमा हाजिर भएको जानकारी सम्वन्धीत विद्यालयले यथाशिघ्र गाउँपालिका शिक्षा शाखालाई गराउनुपर्नेछ ।

## १०. अन्तर्वार्ता सम्बन्धी व्यवस्था

सामान्य र विषयगत परीक्षामा उत्तीर्ण उम्मद्वारलाई मात्र मौखिक परीक्षामा सामेल गराइनेछ । करार शिक्षक नियुक्तीका लागि लिइने अन्तर्वार्ता समितिमा विद्यालयको प्रधानाध्यापक, विषय विज्ञ र विद्यालय व्यवस्थापन समिति अध्यक्ष सदस्य रहनेछन ।

## ११) <u>वैकल्पिक उम्मेदवारले नियुक्ति पाउने</u> :

(१) सफल उम्मेदवारले सिफारिस भएको मितिले सात दिनभित्र करार नियुक्ति लिई विद्यालयमा हाजिर हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सफल उम्मेदवारले नियुक्तीका लागि सुचित गरिएको ७ दिनभित्र करार नियुक्ति नलिएमा वा नियुक्ती लिएको मीतिले १५ दिनभित्र सम्बन्धित विद्यालयमा हाजिर नभएमा वैकल्पिक उम्मेदवारलाई बढीमा एक शैक्षिक सत्रका लागि करार नियुक्ति दिइनेछ ।

**१२) <u>स्वयंसेवक शिक्षक सम्बन्धी व्यवस्था</u> :**

(१) प्रसुती बिदा वा अन्य कुनै प्रकारको लामो बिदा वा कार्यरत शिक्षक अशक्त भएमा कार्यरत शिक्षकको सट्टामा विद्यालय व्यवस्थापन समितिले विद्यालयको पठनपाठनमा असर नपर्ने गरी स्वयंसेवक शिक्षक छनौट गरी पठनपाठनको व्यवस्था मिलाउनेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त शिक्षकलाई गाउँपालिकाले तोके बमोजिम निश्चित रकम अनुदान स्वरुप उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद-४
## विषय विज्ञको व्यवस्था

**१३) <u>विशेषज्ञ सुचिकरण प्रक्रिया</u> :**

**शिक्षक नियुक्तिका लागि गाउँपालकिाले निम्न प्रक्रिया पुरा गरी विषय विज्ञ सूचिकृत गर्ने छ ।**

**१३.१** विषय विज्ञ सूचिकृतका लागि गाउँपालिकाले १५ दिनको समयावधि दिएर तपसिल अनुसार योग्यता भएका स्थायी शिक्षकहरुबाट निवेदन माग गरी योग्य व्यक्तिहरुलाई विषय विज्ञको रुपमा सूचिकृत गर्नुपर्ने छ ।

**१३.२** विषय विज्ञमा सुचिकृत हुन चाहने शिक्षकले आवेदन गर्दा शिक्षा शाखाले तोकेको आवेदन दस्तुर सहित तपसिल अनुसार कागज पत्रको प्रतिलिपि अनिवार्यरुपमा गाउँकार्यपालिका शिक्षा शाखामा पेश गर्नु पर्ने छ ।

(क) नेपाली नागरिकताको प्रमाण पत्र

(ख) सबै शैक्षिक योग्यताको प्रमाण पत्र

(ग) स्थायी नियुक्त पत्र

(घ) अध्यापन  अनुमति पत्र

(ङ) अनुभव सम्बन्धि प्रमाण पत्रहरु

(च) बैयक्तिक बिबरण

**१३.३** विषय विज्ञको रुपमा सूचिकृत भएका बिषय बिज्ञको अभिलेख गाउँकार्यपालिका शिक्षा शाखामा राखिनेछ ।

**१३.४** विषय विज्ञको पदावधि ३ वर्षको हुनेछ । पुनश्च : विषय विज्ञमा सूचिकृत हुनका लागि यस गाउँपालिका भन्दा बाहिरबाट पनि यस गाउँकार्यपालिका शिक्षा शाखामा आवेदन दिन पाइने छ ।

**१४) विशेषज्ञको योग्यता :**

१) आधारभुत तहको शिक्षक छनौटका लागि विज्ञमा सूचिकृत हुनका लागि निम्न अनुसार योग्यता पुगेको हुन पर्ने छ :–

(क) आधारभुत तहमा स्थायि नियुक्ति भइ कम्तीमा ५ वर्ष सेवा गरेको शिक्षक ,

(ख) शिक्षा विषयमा स्नातक तह उत्तीर्ण भएको वा अन्य विषयमा स्नातक गरी तालिम प्राप्त शिक्षक ,

(ग) आधारभुत तह (कक्षा ६ देखि ८) मा शिक्षक नियुक्तिका लागि विज्ञमा सूचिकृत हुनका लागि सम्बन्धीत विषयको विषयगत शिक्षक

२) माध्यमिक तहको शिक्षक छनौटका लागि विज्ञमा सूचिकृत हुनका लागि निम्न अनुसार योग्यता पुगेको हुन पर्ने छ :–

(क) माध्यमिक तहमा स्थायी नयुक्ति भइ ५ वर्ष सेवा गरेको विषयगत शिक्षक ,

(ख) शिक्षा विषयमा स्नातकोत्तर तह उत्तीर्ण भएको वा अन्य विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी माध्यमिक तह शिक्षक हुनका लागि तालिम प्राप्त शिक्षक

३) माध्यमिक विद्यालयमा विद्यालय सहायक कर्मचारी छनौटका लागि विज्ञमा सूचिकृत हुनका लागि निम्न अनुसार योग्यता पुगेको हुन पर्ने छ :–

(क) माध्यमिक तहमा नियुक्ति भइ कम्तीमा ३ वर्ष सेवा गरेको शिक्षक ,

(ख) व्यवस्थापन विषयमा स्नातक तह उत्तीर्ण गरी तालिम प्राप्त शिक्षक ,

(ग) व्यवस्थापन संकायका विषय अध्यापन गर्ने माध्यमिक तहमा कार्यरत शिक्षक

**१५) <u>विशेषज्ञ छनौट सम्बन्धी व्यवस्था</u>** :

(१) कुनै विषयमा कम्तीमा २ जना विशेषज्ञ सूचीकृत नभएमा वा सूचीकृत विशेषज्ञ उपलब्ध नभएमा गोरखा जिल्ला भित्रका अन्य स्थानीय तहमा सूचीकृत विशेषज्ञबाट समेत छनौट गर्न सकिनेछ ।

(२) विद्यालय व्यवस्थापन समितिले छनौट समितिका अन्य सदस्यको उपस्थितिमा गोलाप्रथाबाट विशेषज्ञ छनौट गर्नेछ ।

३) रिक्त पदमा छनौट हुनका लागि निवेदन दिएका उम्मेद्वारको आफन्त पर्ने र विज्ञापन गर्ने विद्यालयमा कार्यरत विषय विज्ञ एवम एउटै विद्यालयबाट २ जना पर्ने गरी विषय विज्ञ छनौट गरिने छैन ।

(४) गोरखा जिल्लाभित्रका अन्य स्थानीय तहमा सूचीकृत विशेषज्ञको सूची शिक्षा शाखाले माग गरी अभिलेख राख्न सक्नेछ ।

**१६) <u>विशेष व्यवस्था</u> :**

(१) गाउँपालिकाले आवश्यकता अनुसार बारपाक सुलिकोट गाउँपालिका शिक्षा ऐन, २०७४ अनुसार वार्षिक रुपमा करारमा शिक्षक नियुक्तिका लागि विज्ञापन गर्न सक्नेछ ।

(२) यस दफा बमोजिम विज्ञापन गर्दा एक शैक्षिक सत्र भरी विद्यालयहरुमा रिक्त हुनसक्ने शिक्षक पदको अनुमान गरी विज्ञापन गरिनेछ ।

(३) तोकिएको संख्याका उम्मेदवारलाई योग्यताक्रम सूचीमा राखी नतिजा प्रकाशन गरिनेछ ।

(४) यो दफा बमोजिम योग्यताक्रम सूचीमा रहेको उम्मेदवारहरुलाई एक शैक्षिक सत्र भित्र विद्यालयहरुमा रिक्त हुने शिक्षक पदमा करार नियुक्तिका लागि सिफारिस गरिनेछ ।

(५) यस दफा बमोजिम सिफारिस भएका उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले करारमा नियुक्ति गर्नुपर्नेछ ।

## परिच्छेद-५
## बिबिध

**१७) पारिश्रमिक सम्बन्धि व्यवस्था :**

१. बिषय बिज्ञ तथा छनौट समितिको सुविधा निम्नानुसार हुनेछ ।

(क) आधारभुत तहको शिक्षक छनौटका लागि रु. ३०००।- र समान तह एवम बिषयका एकै दिन एउटै प्रश्नपत्रबाट परीक्षा सञ्चालन गरी एक भन्दा बढि शिक्षक छनौट गर्नु पर्ने भएमा प्रति शिक्षक थप रु. २०००।-

(ख) माध्यमिक तहको शिक्षक छनौटका लागि रु. ३०००।- र समान तह एवम बिषयका एकै दिन एउटै प्रश्नपत्रबाट परीक्षा सञ्चालन गरी एक भन्दा बढी शिक्षक छनौट गर्नु पर्ने भएमा प्रति थप रु. २०००।-

**१८) उजुरी सम्बन्धि व्यवस्था :**

१. करारमा शिक्षक नियुक्ति सम्बन्धी विषयमा चित्त नबुझेमा उम्मेद्वारले गाउँपालिकामा कारण र आधार खोली उजुरी दिन सक्नेछन् ।

२. उदफा (१) बमोजिम प्राप्त उजुरीमा छानबिन गर्न देहाय बमोजिम एक उजुरी छानबिन समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) शिक्षा अधिकृत - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत - सदस्य सचिव

(३) समितिले उजुरी उपर छानविन गरी आवश्यक निर्णय गर्नेछ ।

यस कार्यविधि अनुसार कार्य सम्पादन गर्न कुनै द्विविधा भएमा वा बाधा उत्पन्न भएमा गाउँ शिक्षा समितिले निर्णय गरे अनुसार हुनेछ ।

**१९) यस कार्यविधि बमोजिम हुने :**

१. यस कार्यविधिमा लेखिएका कुराहरु यसै कार्यबिधि बमोजिम र अन्य कुराहरु प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

२. यस कार्यविधिमा उल्लेख नभएका बिषयका हकमा शिक्षा ऐन, शिक्षा नियमावलि, शिक्षक सेवा आयोगको नियमावलिमा ब्यवस्था भए अनुसार हुनेछ ।

**२०) कार्यविधि लागू हुने व्यवस्था :**

१. यो कार्यविधि संघीय ऐन तथा गण्डकी प्रदेशले बनाएको कानूनसगँ बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

२. यस कार्यविधिमा उल्लेख भएको कुनै पनि प्राबधान ऐन कानुन वा संविधान संग बाझिएमा बाझिएको हद सम्म स्वतः खारेज हुनेछ ।